नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति २०७८/१२/२८

राष्ट्रिय सभागृह काठमाडौंमा राष्ट्रिय परिचयपत्रको अनलाइन इन्रोलमेन्ट सम्बन्धी सूचना!!!

काठमाडौं महानगरपालिका भित्र बसोबास गर्ने नेपाली नागरिकहरुको लागि राष्ट्रिय परिचयपत्रको वैयक्तिक तथा जैविक विवरण संकलन कार्य जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट हुँदै आएकोमा सेवाग्राहीको सहजता एवं सुविधालाई मध्यनजर राखी मिति २०७८/१२/२९ गतेदेखि राष्ट्रिय सभागृह काठमाडौंमा अनलाइन इन्रोलमेन्ट सहितको स्टेशन स्थापना एवं संचालन गरिएकोले तपशिल बमोजिमका कागजातहरु साथमा लिई सो स्थानमा गई आफ्नो सही विवरण दर्ता गराउनुहुन अनुरोध छ। साथै विभिन्न जिल्लाका नागरिकहरुको लागि यसअघि नै तोकिएका जिल्ला प्रशासन कार्यालय, काठमाडौं, जिल्ला प्रशासन कार्यालय, ललितपुर र नारायणहिटी दरवार परिसर (साविकको राहदानी विभाग) मा स्थापना एवं सञ्चालन गरिएका स्टेशनहरु यथावत सञ्चालन रहने व्यहोरा समेत अनुरोध छ।

तपशिल

विवरण प्रविष्ट गर्न जाँदा सेवाग्राहीले साथमा लिएर जानपर्ने कागजातहरु;

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र,
- नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेकोमा सो खुल्ने प्रमाणपत्र,
- बसाइँ सराइ गरेको हकमा सोको सक्कल प्रमाणपत्र,
- विवाहिताको हकमा नागरिकतामा पति वा पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाणपत्र वा नाता खुल्ने प्रमाणको सक्कल,
- राहदानी लिएकाको हकमा सक्कल राहदानी (सक्कल संभव भएसम्म)।

ललित कुमार बस्नेत
निर्देशक